प्रस्तावहरु:

१. रिपोर्टिङ्ग तथा कार्य प्रगति

२. विषयगत समितिको वैठकको निर्णय

३. शिक्षा तथा स्वास्थ्य विशेष कार्यक्रम

४. रोजगार क्षेत्र विशेष कार्यक्रम

५. सुरक्षित नागरिक आवास कार्यक्रम

६. विविध

विषेश प्रस्ताव तथा निर्णयहरु

मिति २०७५ चैत्र १७ गते आइतवार बेलुका बिनाशकारी हावाहुरीको कारण यस जिल्लाका कलैया उपमहानगरपालिका, महागढीमाई र पचरोता नगरपालिका, देवताल, फेटा, परवानीपुर र सुवर्ण गाउँपालिकामा २७ जनाको दुखद निधन, करीव पाँच सय घाइते र दुई हजार परिवार घरबासबिहिन भएको अवस्थाप्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । यस दुखद घडीमा मृतात्माहरुप्रति चीर शान्तिको कामना गर्दै श्रद्धान्जली प्रकट तथा शोकसन्तप्त परिवारजनहरुमा गहिरो समवेदना व्यक्त गर्दछौ । यस उपमहानगरपालिकाबाट उक्त विपदमा राहत, पुनस्थापना र पुनर्निर्माणका लागि विपद व्यवस्थापन शिर्षकबाट रु. ५,००,०००।०० (अक्षेरुपी पांच लाख) सहयोग गर्ने निर्णय गरियो ।

हालै नेपाल सरकारबाट जन्मको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नेपाली नागरिकका सन्तानले प्राप्त गर्ने वंशजको नागरिकताको प्रमाण पत्रका निमित्त गरिने सिफारिश र अन्य समस्यावारे ईलाका प्रशासन कार्यालय सिमरा बाराका प्रमुख श्री कृष्ण गैरेसंग छलफल तथा अन्तरक्रिया गरियो ।

निर्णयहरु:-

१) नगर प्रमुख श्री डा. कृष्ण प्र. पौडेल र प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज सेढाईंबाट उपमहानगरपालिकाको समग्र गतिविधि, दैनिक प्रशासनिक कार्य तथा योजना सञ्चालन सम्वन्धी विवरण प्रस्तुत भयो ।

२) जीतपुरसिमरा उपमहानगरपालिका सामाजिक विकास समिति र श्रम तथा रोजगार प्रवर्द्धन समितिको वैठकका निर्णयहरु अनुमोदन गरियो।

३) शैक्षिक सत्र २०७६ को विद्यालयमा विद्यार्थी भर्ना अभियान प्रभावकारी रुपमा अघि बढाउने निर्णय गरियो ।

विद्यालयहरुको लेखापरीक्षणका लागि कार्यालयमा सूचिकृत लेखापरीक्षकहरुमध्येबाट नियुक्ति प्रक्रिया कार्यालयबाट अघि बढाउने निर्णय गरियो ।

नमूना विद्यालय कार्यक्रम अन्तरगत श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सिमराको गुरुयोजना स्वीकृत गर्दै कार्यान्वयन प्रक्रिया अघि बढाउने निर्णय गरियो । साथै शिक्षा क्षेत्रको बजेट कार्यान्वयन प्रभावकारी बनाउने निर्णय गरियो ।

जनसंख्या तथा स्वास्थ्य मन्त्रालयबाट प्राप्त वडा नं. ११, १३, १४, १५ र १६ मा स्वास्थ्य केन्द्रको भवन बनाउने प्रक्रिया अघि बढाउने निर्णय गरियो । ती वडाहरुमा तत्काल आधारभूत स्वास्थ्य सेवा सञ्चालन खर्चका लागि कार्यविधी बमोजिम संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग सशर्त बजेट रकम मांग गर्ने र रकम प्राप्त भएपश्चात तपसिल बमोजिम कार्यविधि अनुसारको दरबन्दी बमोजिम जनशक्तिका लागि विज्ञापन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| हेल्थ असिष्टेन्ट | - | ५ |
| स्टाफ नर्स | - | ५ |
| कार्यालय सहयोगी | - | ५ |

Scanned by CamScanner

४) प्रधानमन्त्री रोजगार कार्यक्रमका सन्दर्भमा प्राप्त रोजगारीको हक सम्वन्धी ऐन र नियमावली २०७५ एवम् प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका अनुरुप वडा कार्यालय मार्फत रोजगारीका लागि तथ्यांक संकलन गर्ने निर्णय गरियो ।

५) शहरी बिकास मन्त्रालयबाट प्राप्त सुरक्षित नागरिक आवास निर्माणका लागि प्राप्त कोटा र कार्यान्वयन कार्यविधि, २०७५ अनुरुप वडा नं. १३, १४, १५, १६, १७ र १८ मा १५० बिपन्न घरपरिवारलाई आवास सुधार कार्यक्रम अन्तर्गत पराल वा खरको छानो फेर्नका लागि प्रति परिवार रु. ५०,०००।०० प्राप्त गर्ने सम्वन्धमा जानकारी गराइयो। सोको आवेदन सूचना र अन्य प्रक्रियालाई अघि बढाउनका लागि वडा कार्यालयलाई मार्गनिर्देश गर्ने निर्णय गरियो ।

६। विविध

क) चालु आ. ब. २०७५/०७६ को आयतर्फ कवाडीकर उठाउने प्रारम्भिक ठेक्का सम्झौताका शर्त परिवर्तनका कारण ठेक्का पक्षबाट प्राप्त दाबीका सन्दर्भमा अध्ययन विश्लेषण गरी १५ दिन भित्र सुझाव सहितको प्रतिवेदन पेश गर्नका लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक: | श्री सरस्वती देबी चौधरी, उपप्रमुख |
| सदस्य: | श्री सरोज पटेल, वडाध्यक्ष, वडा नं.१० |
| सदस्य: | श्री केदारनाथ बजागाई वडाध्यक्ष, वडा नं.१६ |
| सदस्य: | श्री असलम देवान वडाध्यक्ष, वडा नं.२३ |
| सदस्य सचिव: | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी |

ख) नगरकार्यपालिकाको कार्यालयमा व्यवसाय दर्ता गर्ने सम्बन्धी थप कानुनी व्यवस्था नभएसम्मको लागि उपमहानगरपालिका क्षेत्रभित्रका ऐलानी जग्गामा लामो समयदेखि बसोबास गरिरहेको नगरबासीले व्यवसाय दर्ता गर्न चाहेमा आफु बसोबास वा भोगचलन गरिरहेको घर जग्गा क्षेत्रभित्रको व्यवसाय सञ्चालन गरेकै आधारमा जग्गाको व्यक्तिगत स्वामित्वको दावा नगर्ने नलाग्ने र व्यवसाय दर्ता शुल्कका अतिरिक्त आर्थिक ऐनले तोकेको दर अनुसारको बहालबिटौरी कर समेत तिरी कानुनी र सामाजिक रुपले ग्राह्य व्यवसाय वडा कार्यालयको सिफारिशको आधारमा दर्ता गर्ने निर्णय गरियो ।

ग) नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत भई आएको यस जीतपुरसिमरा उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा रहने विभिन्न पद, सेवा; समुह, श्रेणी, तहका जम्मा ९८ (नगर प्रहरी, ड्राइभर, कार्यालय सहयोगी, माली, कुचिकार, गार्ड आदी बाहेक) र चौबिसै वडा कार्यालयहरु प्रत्येकको ९ (नगर प्रहरी, ड्राइभर, कार्यालय सहयोगी, माली, कुचिकार, गार्ड आदी बाहेक) गरि जम्मा १६८ समेत कुल २६६ दरबन्दी सहितको संगठन संरचना अनुमोदन गरियो । सो अनुसार रिक्त दरबन्दीमा कर्मचारी व्यवस्थाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

घ) प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत वडा नं. ११ सिसहनियास्थित कृषि सहकारी संस्थालाई लागि गत वर्ष ट्रेक्टर खरिदका लागि वजेट व्यवस्था विविध कारणले कार्यान्वयन हुन नसकेको अवस्थालाई मध्यनजर गर्दै यस वर्ष कृषि बजार निर्माण शिर्षकबाट खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

ङ) वडा नं. १२, १३, १८, १९ र २० मा नदी नियन्त्रणलाई मध्यनजर गर्दै बंगरी खोला व्यवस्थापनका लागि साना योजना मर्मत सम्भार शिर्षकबाट रु. १०,००,०००।०० थप बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

च) वडा नं. ४ मा प्रस्ताव भएको टाउनहल निर्माणका निमित्त विनियोजित रकमबाट सोही वडा हुंदै जाने सिमरा-कोल्वी सडक किनारामा जडान गरिएको बिजुलीबत्तीको बिल बमोजिमको खर्च रकम रु. १,३२,०००।०० भुक्तानी दिने निर्णय गरियो ।

छ) यस उपमहानगरपालिका विरुद्ध वा उपमहानगरपालिकासँग सरोकार राख्ने सर्वोच्च तथा अन्य अदालतहरु, न्यायिक वा अर्धन्यायिक निकायहरुमा बिचाराधीन एवम् भविष्यमा पर्न सक्ने रिट निवेदनहरुको सम्वन्धमा कार्यालयको तर्फबाट फिराद वा

Scanned by CamScanner

प्रतिउत्तरपत्र दायर वा लिखित जवाफ पेश गर्ने तथा तारिख/पेशी बुझ्ने, रिट निवेदन, पुनरावेदन पत्र आदि कार्यको लागि प्रतिनिधी नगरप्रमुखले तोक्ने र यस अघि प्रमुख प्रशासकीय अधिकृतले तोकी पठाएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

ज) वडा नं. २१ र २२ स्थित अमलेखगञ्ज क्षेत्रमा खानेपानीको समस्या समाधानका निमित्त उक्त क्षेत्रमा खानेपानी योजना सम्वन्धित निकायमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

झ) जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. २३ स्थित मदर्शामा सुविधासम्पन्न छात्रा शौचालय निर्माणका लागि राष्ट्रिय मुश्लिम आयोगमा सिफारिश सहित अनुरोध गरी पठाउने निर्णय गरियो ।

ञ) जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. २१ बाट मनकामना बचत तथा ऋण सहकारी संस्था लि. नामको संस्था दर्ताका लागि प्राप्त निवेदनका सम्बन्धमा उक्त सहकारी संस्था दर्ता गर्ने सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

ट) वडा नं. ७ स्थित जीतपुर बजारमा पशु वधशाला निर्माण र पाडा भैसी बजार व्यवस्थापन सम्वन्धी योजना कार्यान्वयन लागि निर्माणस्थल यकिन (site clearance) हुन नसकेको कारण ठेक्का प्रक्रिया खारेज गर्ने निर्णय गरियो ।

ठ) निम्न योजनाहरु सशोधन गर्ने निर्णय गरियो ।

| क्र. सं. | साविकको योजना | रकम रु. | संशोधित योजना | रकम रु. | वडा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गंगा साहको घर देखि पूर्व बिचला ईनार सम्म पक्की नाला तथा बाटो ढलान | २५,००,००० | रामटोल बाटो ढलान | २५,००,००० | ९ | वडास्तरीय |
| २ | गुदरी बजार व्यवस्थापन | १०,००,००० | वडा भरीको बाटो ग्राभेल | १०,००,००० | ७ | नगरस्तरीय |
| ३ | जीतपुर ब्रह्माई नदी नियन्त्रण | १०,००,००० | जीतपुर ब्रह्माई बाटो निर्माण | १०,००,००० | | नगरस्तरीय |
| ४ | (क) बस टर्मिनल र सपिङ्ग कम्प्लेक्स जीतपुर<br>(ख) विजनेस टावर जीतपुर<br>(ग) जीतपुर बधशाला | १५,००,०००<br>१०,००,०००<br>२०,००,००० | टेढा रोड बाटो ढलान | ४५,००,००० | | नगरस्तरीय |
| ५ | जनचेतना प्रा.वि. चौधरी टोलमा तारजाली निर्माण | २,००,००० | जनचेतना प्रा.वि. मौलापुरमा तारजाली निर्माण | २,००,००० | १४ | वडास्तरीय |
| ६ | जनचेतना प्रा.वि.मा पर्खाल निर्माण | २,००,००० | प्रगती प्रा.वि. चौधरी टोलमा गेट निर्माण | २,००,००० | | वडास्तरीय (म्याद थप) |
| ७ | खेल मैदान संरक्षण तथा खेलकुद सामाग्री वितरण | २,००,००० | (क) खेलकुद सामाग्री वितरण<br>(ख) खुला दिशा मुक्त क्षेत्र घोषणा | ५०,०००<br>१,५०,००० | ८ | वडास्तरीय |
| ८ | असमानघाटमा वृक्षारोपण तथा सेड निर्माण | १०,००,००० | ट्युबवेल निर्माण | १०,००,००० | १९ | वडास्तरीय |
| ९ | हसमुल्लाह देवानको घरदेखि मस्जिदसम्म बाटो ढलान तथा नाला निर्माण | ५,००,००० | उत्तम मिया अंसारीको घर देखि सैफुल्लाह मियां अंसारीको घर सम्मको अधुरो बाटो ढलान | ५,००,००० | | वडास्तरीय |

Scanned by CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | नैमुद्विन मियांको घरदेखि तैयब मिया अंसारीको घर हुदै हमजा देवानको घरसम्म बाटो ढलान तथा नाला निर्माण | १०,००,००० | ईनर्वा बजारदेखि पूर्व मटिअरिया जाने बर गाछी सम्म माटो पुरी ग्राभेल गर्ने | १०,००,००० | | वडास्तरीय |
| ११ | उपभोक्ता समिति तालीम | ५०,००० | सिचाइ मोटर खरिद | ५०,००० | १७ | वडास्तरीय |
| १२ | श्मशानघाट | ४,००,००० | चर्च भवन | ४००,००० | | वडास्तरीय |

ढ) सवारी साधनको सुविधा नलिएका वडाअध्यक्षहरुलाई मासिक रु.२,०००/- यातायात सुविधा दिने भनी नगर कार्यपालिकाको पूर्वनिर्णय बमोजिम उक्त रकम २०७५ साल श्रावण महिनादेखि नै उपलब्ध गराउने निर्णय गरियो ।

ण) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय कार्यान्वयनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. १९८ प. सं. २०७५/०७६ मिति २०७५/१०/०६ को पत्रबाट लेखी आएकोमा ततसम्बन्धमा कानुन बमोजिम जे जसो गर्ने हो सो गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

Scanned by CamScanner